■ ओलम्पिक कमिटीको विवाद

# लेटरप्याड र लोगो दुरुपयोग नगर्न एनओसीको चेतावनी

**रमेश सुवेदी**/नयाँ पत्रिका

नेपाल ओलम्पिक कमिटी (एनओसी)ले आफ्नो आधिकारिक लेटरप्याड, छाप र ओलम्पिक रिङ प्रयोग नगर्न सरकारबाट गठित तदर्थ समितिलाई चेतावनी दिएको छ। सरकारले मंगलबार ध्रुवबहादुर प्रधान अध्यक्ष रहेको नौ सदस्यीय तदर्थ समितिले जारी गरेको विज्ञप्तिमा एनओसीकै लेटरप्याड, लोगो र ओलम्पिक रिङ प्रयोग हुँदा गम्भीर ध्यानाकर्षण भएको अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीका महासचिव राजीव श्रेष्ठले बताए।

तदर्थ समितिले ती सामग्री दुरुपयोग गरेको आरोप उनले लगाएका छन्। 'नेपालमा हामी मात्र अन्तर्राष्ट्रिय मान्यताप्राप्त एनओसी हो। लेटरप्याड, छाप र ओलम्पिक रिङ प्रयोग गर्ने अधिकार हामीलाई मात्र छ, अरूलाई नरहेको प्रस्ट पार्न चाहन्छु,' श्रेष्ठले भने, 'विज्ञप्तिमा प्रयोग भएका ती सबै आइओसीको सम्पत्ति हो।' खेलकुदमन्त्री तेजुलाल चौधरीको निर्देशनमा एनओसीमा आबद्ध २३ संघका अध्यक्ष, महासचिव र पदाधिकारीको संयुक्त भेलाले तदर्थ समिति गठन गरेको थियो।

जसमा एनओसीमा दुईपटक अध्यक्ष र महासचिव भइसकेका प्रधान नै तदर्थ समितिका अध्यक्ष बनेका छन्। उनी जीवनराम श्रेष्ठ नेतृत्वको एनओसीका मानार्थ अध्यक्षसमेत हुन्। मुलुकमा खेलकुद ऐनअनुसारै अन्तर्राष्ट्रिय मान्यताप्राप्त एनओसी हुँदाहुँदै अरू बन्ने कमिटीले मान्यता नपाउने महासचिव श्रेष्ठले दाबी गरेका छन्। 'एउटा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी हुँदाहुँदै केही अनधिकृत व्यक्तिको भेलाले तदर्थ समिति गठन गर्न सकिँदैन। यस्तो भेलाबाट धेरै तदर्थ समिति गठन हुन सक्छन्। त्यस्ता कुनै पनि समिति आधिकारिक रहन सक्दैन,' श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ।



अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटी (एनओसी)को बुधबार बसेको बैठक।

अर्कोतर्फ मुलुकमा एनओसी नेतृत्वविहीन रहेको अवस्थामा 'नेतृत्व प्रदान गर्ने, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालको सहभागिता निश्चित गर्ने तथा अवरुद्ध संघ तथा महासंघहरूका क्रियाकलाप पनि सुचारु गर्ने' प्रधान पक्षको दाबी छ। तर, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी), ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए) र राष्ट्रिय ओलम्पिक कमिटीहरूको संघ (एनक)को मान्यताबिच आधिकारिक रूपमा निर्वाचनले अन्तर्राष्ट्रिय मान्यता पाएको महासचिव श्रेष्ठले बताए। 'राष्ट्रिय खेलकुद परिषद्मा दर्ता रही आवधिक रूपमा निर्वाचन हुँदै आएको एनओसी नै आधिकारिक हो। अध्यक्ष जीवनराम श्रेष्ठ र महासचिव राजीव श्रेष्ठ रहेको एनओसीलाई आइओसी र ओसिएले मान्यता दिएको छ,' उनले भने। उनले आइओसीको बडापत्र तथा राष्ट्रिय खेलुकद विकास ऐनले समेत एउटा देशमा एउटा मात्र एनओसी रहन सक्ने व्यवस्था गरेको अवस्थामा अर्को समिति गठन हुनुको अर्थ नरहेको जनाए।

आइओसी र अन्तर्राष्ट्रिय खेलकुदको स्थापित मान्यताअनुसार कुनै पनि देशमा ओलम्पिक गतिविधि गर्ने, आइओसीको छाताभित्र हुने प्रतियोगिताहरूमा सम्बन्धित देशको सहभागिताको सुनिश्चितता पनि आइओसीको मान्यतापछि एनओसीले मात्र गर्न सक्ने औँल्याउँदै श्रेष्ठले नेपालको हकमा त्यस्तो एनओसी आफूहरू रहेको बताएका छन्।

'आगामी दिनहरूमा पनि खेलाडीहरूको खेल्न पाउने अधिकारको सुनिश्चितता अन्तर्राष्ट्रिय मान्यताप्राप्त यस आधिकारिक एनओसीले नै गर्ने हुँदा कुनै पनि प्रकारको भ्रममा नपर्न सम्पूर्णमा अनुरोध गर्दछौँ,' उनले भने।

## सरकारले रवीन्द्र ढाँटलाई पाँच लाख पुरस्कार दिने



**काठमाडौं**/ सरकारले म्याट्रिक्स फाइट नाइट १७ (एमएफएन १७) च्याम्पियन नेपाली एमएमए फाइटर रवीन्द्र ढाटलाई पाँच लाख रुपैयाँसहित सम्मान गर्ने भएको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले रवीन्द्रलाई प्रोत्साहस्वरूप पाँच लाख रुपैयाँले सम्मान गर्न लागिएको प्रधानमन्त्री केपी ओलीले जानकारी दिए। प्रधानमन्त्री ओलीले प्रशिक्षक तथा मेन्टर दिविज पिया लामालाई भने दुई लाखसहित सम्मान गरिने सामाजिक सञ्जालमा पोस्ट गरेका छन्। रवीन्द्रले गत साता भारतको नोयडामा भएको म्याट्रिक्स फाइट नाइट (एमएफएन) १७ मा चोङरङ कोरेनलाई तेस्रो राउन्डमा पराजित गर्दै बान्टमवेट च्याम्पियन उपाधि जितेका थिए। उनी यो फाइट जित्ने पहिलो नेपाली खेलाडी हुन्। उनले यस जितपछि आफ्नो व्यावसायिक रेकर्ड ८-१ मा सुधारेका थिए। यसैगरी, कोरेनको पाँच फाइटको रेकर्ड तोडिएको छ। यसअघि बझाङका रवीन्द्रलाई काठमाडौं महानगरपालिकाले दुई लाखसहित पुरस्कृत गरेको थियो।

## काजकस्तानकी अलेना काठमाडौं स्पाइकर्समा आबद्ध

**काठमाडौं**/ एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल)का लागि काठमाडौं स्पाइकर्सले काजकस्तानकी अलेना कोलोतिजिनालाई अनुबन्ध गरेको छ। काठमाडौं स्पाइकर्सले दोस्रो विदेशी खेलाडीका रूपमा अलेनालाई अनुबन्ध गरेको हो। यसअघि बुल्गेरियन सेटर नेकोभा निकोलाएभालाई अनुबन्ध गरेको थियो। २९ वर्षीया अलेना अपोजिट हिटर हुन्। अलेनाले काजकस्तानको भिसी कौन्यास र अरु अस्तानाबाट खेलिसकेकी छिन्। उनले एभिसी महिला च्याम्पियन्स लिगसमेत खेलिसकेकी छिन्।



दुई विदेशी खेलाडी अनुबन्ध गरेपछि काठमाडौंले टिम सन्तुलित र मजबुत हुने विश्वास लिएको छ। पहिलो सिजनमा काठमाडौंमा टर्की र बुल्गेरियाका खेलाडीले खेलेका थिए। एभरेस्ट महिला भलिबल लिगका लागि तीन विदेशी खेलाडी अनुबन्ध गर्न पाउने प्रावधान छ। तेस्रो तथा अन्तिम विदेशी खेलाडी पनि छिट्टै घोषणा हुने काठमाडौंले जनाएको छ।

पहिलो संस्करणको लिगमा तेस्रो भएको काठमाडौं स्पाइकर्सले दोस्रो सिजन थप बलियो भएर आउने र कोर्टमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य राखेको छ। दोस्रो संस्करणका लागि काठमाडौंले लोकबहादुर बुढालाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ। दोस्रो एभरेस्ट महिला भलिबल लिग २० देखि २८ भदौसम्म हुनेछ।

## चर्च ब्वाइज फाइनलमा

**ताप्लेजुङ**/ ललितपुरको चर्च ब्वाइज क्लब तेस्रो अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकपको फाइनलमा पुगेको छ। बुधबार भएको पहिलो सेमिफाइनलमा चर्च ब्वाइजले सुनसरीको द योङ ब्रदर्स क्लबलाई टाइब्रेकरमा ३-१ ले पराजित गरेको हो। निर्धारित ९० मिनेटमा दुवै टोलीले १-१ गोल गरेका थिए। टाइब्रेकरमा चर्च ब्वाइजले बाजी मारेको हो। सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजविरुद्ध योङ ब्रदर्सले खेलको ७७औँ मिनेटमा अप्रत्याशित रूपमा १-० को अग्रता लियो। चर्च ब्वाइजले इन्जुरी समयको तेस्रो मिनेटमा १-१ को बराबरी गोल फर्कायो।

खेलको ९३औँ मिनेटमा सुमन श्रेष्ठले बराबर गोल फर्काएका हुन्। योङ ब्रदर्सले उद्घाटन खेलमा आयोजक तेल्लोक स्पोर्टिङ क्लबलाई २-१ ले हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेको थियो। चर्च ब्वाइजले भारतको लिजेन्ड फुटबल एकेडेमी, सिलिगुढीलाई १-० ले पाखा लगाउँदै अन्तिम चारको स्थान पक्का गरेको थियो। प्रतियोगिताअन्तर्गत बिहीबार झापाको रेडस्टार फुटबल र सिराहाको सलहेस युवा क्लबबिच खेल हुनेछ।

## महिला लिगको छनोट आजदेखि

**काठमाडौं**/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले बिहीबारदेखि सुरु हुने राष्ट्रिय महिला लिग छनोटका लागि १४ क्लबले प्रतिस्पर्धा गर्ने जनाएको छ। छनोट प्रतियोगिताको उद्घाटन खेलमा काठमाडौंको छहारी युवाले भक्तपुरको एफसी रियलविरुद्ध खेल्नेछ। एन्फा प्रवक्ता सुरेश शाहले सहभागी १४ बाट पाँच टोली महिला लिगका लागि छनोट हुने जानकारी दिए। यसअघि १६ टोलीले छनोट खेल्न नाम दर्ता गराएका थिए। तर, दुई क्लबले प्रक्रिया पुऱ्याउन नसक्दा १४ क्लबबिच छनोट खेल हुन लागेको हो।

'राष्ट्रिय लिगमा छनोट भएका पाँच र विभागीय तीन टोलीबिच फाइनल चरणका खेल हुनेछन्। प्रतियोगिताका खेलहरू सातदोबाटोस्थित एन्फा कम्प्लेक्स र च्यासल मैदानमा हुनेछ,' शाहले भने। छनोट चरणमा सहिद स्मारक 'ए' डिभिजन लिग खेलिरहेका संकटा, चर्च ब्वाइज र न्युरोड टिम (एनआरटी) पनि सहभागी भएका छन्। संकटाले दोस्रोपटक छनोट चरण खेल्न लागेको हो। एनआरटी र चर्च ब्वाइजको भने पहिलो सहभागिता हो।

नेपाल सुपर लिग (एनएसएल) खेलेका झापा एफसी र बुटवल लुम्बिनी एफसी पनि छनोटमा समावेश भएको एन्फाका प्रवक्ता शाहले बताए।

## टेबुलटेनिसको ग्लोबल च्याम्पियन्स लिग भदौमा



**काठमाडौं**/ नेपाली टेबुलटेनिसकै सर्वाधिक पुरस्कार राशिको घरेलु प्रतिस्पर्धाका रूपमा रहेको तेस्रो स्ट्याग ग्लोबल च्याम्पियन्स लिग भदौको पहिलो साता हुने भएको छ। विदेशी खेलाडीलाई अनुबन्ध गरी नेपाली क्लबहरूले च्याम्पियन्स लिगमा प्रतिस्पर्धा गर्दै आएका छन्। अखिल नेपाल टेबुलटेनिस संघको सहयोग र स्ट्याग च्याम्पियन्स टेबुलटेनिस एकेडेमीको आयोजनामा चार राष्ट्रका विदेशी खेलाडी सहभागी हुने लिग १ देखि ६ भदौसम्म हुने एकेडेमीका निर्देशक नविता श्रेष्ठले बताइन्। 'हामीले ०८० देखि स्ट्याग च्याम्पियन्स टेबुलटेनिस लिग आयोजना गरिरहेका छौँ। यसपटक पनि यसलाई बृहत् रूपमा आयोजना गर्न लागेका छौँ,' नवौँपटककी नेपाल च्याम्पियन श्रेष्ठले भनिन्, 'एकेडेमीले नेपाली टेबुलटेनिसमा उत्कृष्ट घरेलु प्रतियोगिताका रूपमा च्याम्पियन्स लिग गर्दै आएको छ।' लैनचौरस्थित राष्ट्रिय टेबुलटेनिस प्रशिक्षण केन्द्र हुने लिगमा कुल १० क्लबले भाग लिने उनले बताइन्।

याला, होप्स एकेडेमी, एभिएम क्लब, द ड्रागन, कीर्तिपुर नगरपालिका, भोर्टेक्स नेपाल, ओल्र्ड हाउस रेस्ट्रो, टप स्पिन गुड्स नेपाल र खोल्छा पुखु खेलकुद समिति गरी १० क्लबले उपाधिका लागि प्रतिस्पर्धा गर्ने श्रेष्ठले बताएकी छिन्। 'दोस्रो संस्करणमा आठ क्लबले प्रतिस्पर्धा गरेका थिए। यसपटकदेखि प्रतिस्पर्धी संख्या बढाइएको हो,' उनले भनिन्।

टेबुलटेनिसको शक्तिराष्ट्र चीनका खेलाडीले सहभागी १० मध्ये कुनै पनि क्लबमा आवद्ध भएर प्रतिस्पर्धा गर्न सक्ने एकेडेमीकी निर्देशक श्रेष्ठले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइन्।


Government of Nepal
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Roads Division Damak**

**Invitation of Bid**

**Notice Number: 2-2082/83**
**(Date of Publication:- 2082-04-29(14th Aug 2025)**

1. Roads Division Damak invites electronic bids from duly registered eligible national bidders for the following Works under National Competitive Bidding Procedure.

| S. N. | Contract Identification Number | Description and Location of Work | Average Annual Construction Turnover, NRs, Millions | Specific Experience Requirements | Bid Capacity NRs, Million | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period / Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RD-DMK/ 33701169-4/ 2082/83-02 | Blacktopped Road Construction Works including related Structural Works along Prajapati Marga-Katar Dangi Hundai Dornakatar Dangi Dekhi Kanchanjunga Tole Hundai Sab Degree Pul samma, Barhadashi, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 2 | RD-DMK/ 33701169-4/ 2082/83-03 | Blacktopped Road Construction Works including related Structural Works along Laxmi Chowk Dekhi Dhuduwa Chhowk Samma (Mechi Marga), Haldibari Ga. Pa.,J hapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 3 | RD-DMK/ 33701169-4/ 2082/83-04 | Blacktopped Road Construction Works including related Structural Works along Panchayat Marg Tikpur Bhanu Aa.Bi. Basbari Paryatan Kendra Me.Na.Pa. 10 & 11,J hapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 4 | RD-DMK/ 33701169-4/ 2082/83-05 | Blacktopped Road Construction Works including related Structural Works along Mathema marga (Laxmi Chowk-Methibari hudai Puspa Lal Marga jodne Sadak Kalopatre) Bhadrapur-09, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 5 | RD-DMK/ 33701169-4/ 2082/83-06 | Blacktopped Road Construction Works including related Structural Works along Sainik Mod Shree prasad Chowk Raju Raiko Ghar hudai Telkane Pokhari Jane Bato staronnati, Birtamode, Jhapa. | 40.00 | As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | Single Stage Two Envelope Bidding Procedure |
| 6 | RD-DMK/ 33701169-4/ 2082/83-07 | Blacktopped Road Construction Works including related Structural Works along Sahid Ram pradhan marg Bhotetar Damatar Hepiland hudai Chamlagai chowk bata Aandeshwar Shiv mandir Jodne sadak starronnati,Buddhashanti, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 7 | RD-DMK/ 33701169-4/ 2082/83-08 | Blacktopped Road Construction Works including related Structural Works along Hati resort-Manawsewa Aashram Bauddhamod Mechi Na.Pa. 2 & 4, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 8 | RD-DMK/ 33701183-4/ 2082/83-09 | Blacktopped Road Construction Works including related Structural Works along Madan Bhandari Marg ko Damak 2, Beldangi 01 bata sarasawati marg, Gajkali marg, Belchowk, purano 2 no wada karyalaya , malpot hudai damak 4 Asian Highway jodne sadak, Damak, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 9 | RD-DMK/ 33701183-4/ 2082/83-10 | Blacktopped Road Construction Works including related Structural Works along Damak-01 Pushpa Dhiren Marga ko moti chowk hudai Bhirkuti marga jodne sadak tatha Damak-03 Golatar School Bata Dipjyoti Chowk Hudai Madan Bhandari Jodne sadak, Damak, Jhapa | 40.00 | | 21.00 | 5,000.00 | 6,50,000.00 | 90 days / 120 days | |
| 10 | RD-DMK/ 33701183-4/ 2082/83-11 | Blacktopped Road Construction Works including related Structural Works along purwapaschim rajmarga bata Damak 4 ko Dahal Pratisthan mechi Aawas hudai Tarabari Dipu jodne Sadak, Damak, Jhapa | 52.00 | | 28.00 | 5,000.00 | 8,60,000.00 | 90 days / 120 days | |

2. **Details of Bid & Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)**

| | | | |
|---|---|---|---|
| Last date of Submission | 2082-05-29 (14th Sep 2025) Time:- 12:00 hrs | Name of Bank | Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa |
| Date of Bid Opening | 2082-05-29 (14th Sep 2025) Time:- 12:15 hrs | Account Name | Ko. Le. Ni. Ka. Jhapa |
| Pre-bid meeting | 2082-05-20 (05th Sep 2025)) Time:- 11:00 hrs | Deposit Account No. | 2210100102030000 |

3. **Information to Purchase the Bidding Document**

| Name of the Bank | Name of the Office | Office Code No. | Office Revenue Account No. | Office Revenue Head No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd, Damak, Jhapa | Roads Division Damak, Jhapa | 337011201 | 1000200010000 | 14229 |

4. **Roads Division, Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.**

**Division Chief**


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com